

# राईट फर राईटस् २०१९

## मानवअधिकार प्रभावहरूको मूल्यांकन

## राईट फर राईटस् २०१९ का केही तथ्यहरू

सन् २०१९ मा राईट फर राईटस् अभियान शुरू भएको १८ वर्ष पूरा भयो ।यस अभियान अन्तर्गत प्रत्येक डिसेम्बरमा विश्वभरका एम्नेस्टी समर्थकहरूले लाखौं पत्र, ऐक्यबद्धता दर्शाइएका कार्डहरू, पिटिसन र अन्य विभिन्न किसिमका गतिविधि मार्फत मौलिकअधिकार जोखिममा परेका व्यक्तिहरूका लागि न्यायको आह्वान गर्दछन्। यस अभियानमा सहभागी संख्या र यसको प्रभाव हरेक वर्ष बढिरहेको छ र २०१९ पनि त्यस्तै रह्यो । सन् २०१९ को राईट फर राईटस् अभियानका केही तथ्यहरू निम्न छन् ।

**विश्वव्यापी** रूपमा कम्तीमा पनि

# ६,६०९,८३७१

वटा गतिविधिहरू भए

गतिविधिहरू वृद्धि हुने क्रम यस वर्ष पनि जारी रह्यो।यो लगातार अठारौ पटकको वृद्धि हो ।

**नेपाल शाखा लगायत अन्य ११ एम्नेस्टी शाखाहरूले** अन्तराष्ट्रिय सचिवालय लन्डनले तय गरेका १० घटनाका अतिरिक्त अन्य घटनामा पनि अभियान चलाए ।जसले गर्दा समग्रमा **३,००,०००** गतिविधिहरू थप भए ।

सन् २०१८ को तुलानामा AMNESTY.ORG **मा दोब्बर** गतिविधिहरू भएका थिए

सन् २०१९ मा **४८ वटा एम्नेस्टीका शाखाहरूले** आफ्ना **गतिविधिहरूमा वृद्धि** भएको जानकारी गराए भने **२२ शाखाहरूले** कम भएको बताए ।

**इरानकी यासमनको लागि दस लाख भन्दा** धेरै गतिविधिहरू भए ।

यसअघि व्यक्तिगत घटनाले यति धेरै हासिल गर्न सकेको सन् २०१७ को प्रख्यात एडवर्ड स्नोडेनको घटना थियो ।

## घटना अनुसार भएका गतिविधिहरू (Actions)

| क्रम | घटना | देश | अनुमानित गतिविधि |
|---|---|---|---|
| १ | मगाईमातियोप डोंग, | दक्षिण सुडान | ७६५,०१४ |
| २ | सारा र सियान | ग्रीस | ७३१,३९२ |
| ३ | ग्रासी न्यारोजका युवाहरू | क्यानाडा | ४४८,४१८ |
| ४ | मारिनेल सुमोक उबल्दो | फिलिपिन्स | ५२८,०७० |
| ५ | यिलियासीजियाङ्ग रहमान (चीन) | चीन | ४५१,९४३ |
| ६ | यासमन अर्यानी | इरान | १२४०,६८६ |
| ७ | नासु अब्दुलाज़िज़ र ओतोड़ो गम्बे युवा अधिकारकर्मी | नाइजेरिया | ४५८,९८१ |
| ८ | जोस अद्रियन | मेक्सीको | ४६६,४२३ |
| ९ | इमिल अस्त्रोबको | बेलारुस | २९२,४१८ |
| १० | ईब्राहिम इजिलदिन | इजिप्ट | ३९२,५६२ |

**नोट**

- एम्नेस्टी शाखा तथा एम्नेस्टीको उपस्थिति नभएको देशहरूमा व्यक्तिले अनलाइन मार्फत गरेका गतिविधिहरूको आंकडा अनुसार माथिको सङ्ख्या निर्धारण गरिएको हो ।
- सबै एम्नेस्टी शाखाहरूले आफ्नो आंकडा सेयर गर्न सकेनन् भने केहिले भएका गतिविधिका ठीक वा पूर्ण संख्या एकत्रित गर्न सक्षम भएनन्। त्यसकारण विश्वभर अझै धेरै गतिविधिहरू भएका हुनसक्छन् जसलाई हामीले रेकर्ड गर्न सकेनौ ।
- एम्नेस्टी नेपालले घटना नम्बर १ देखि ६ सम्मका घटना अभियानका लागि चुनेको थियो भने एउटा आफ्नै देश भित्रको घटनालाई (एसिडको खुलेआम बिक्रिवितरणलाई)पनि सामेल गराएको थियो ।
- केही एम्नेस्टी शाखाहरूसँग प्रत्येक घटनाका लागि कति गतिविधि भए भन्ने छुटै आंकडा छैन त्यसकारण यहाँले देख्नुहुन्छ कि प्रत्येक घटनाहरूको गतिविधि सङ्ख्या जोड्दा दिईएको कुल सङ्ख्यासंग मेल हुँदैन ।

## राईट फर राईटस् २०१९ ले मानवअधिकारमा पारेका प्रभावहरूको मूल्यांकन

राईट फर राईटस् अभियान,प्रत्येक वर्ष चित्रित गरेका व्यक्तिको जीवनमा वास्तविक परिवर्तन ल्याउन सफल भएको छ र २०१९ मा पनि यस्तै भयो । तलका पृष्ठहरूमा यहाँले प्रत्येक विश्वव्यापी १० घटनाहरूमा परेको प्रभावको लेखाजोखा हेर्न सक्नुहुनेछ। प्रत्येक वर्ष अभियान पश्चात प्रभावको मूल्यांकन/लेखाजोखा गरिन्छ र निरन्तर रूपमा घटनाहरूलाई अध्यावधिक गरिन्छ।

प्रभावहरूको लेखाजोखा विभिन्न तरिकाहरूबाट गरिन्छ। यसका लागि सम्बन्धित व्यक्ति आफैंसँग वा उनीहरूका प्रतिनिधिहरूसँग, परिवारका सदस्यहरू र उनीहरूको मुद्दामा काम गरिरहेका स्थानीय गैरसरकारी संस्थाहरूसंग अन्तर्वार्ता लिइन्छ। यसका अतिरिक्त सम्बन्धित देशसम्बन्धी विज्ञहरूले कानुन वा आधिकारिक प्रतिकृयाहरूमा आएका महत्वपूर्ण र स्पष्ट परिवर्तनहरू जस्तै व्यक्तिलाई गरिने व्यवहारमा आएको फरकपन आदिका बारेमा नियाल्दछन्।

अभियानको अन्त्यको नजिक आईपुग्दा पनि अझै पूर्ण प्रभाव देख्न सकेका छैनौ।मूल्यांकनको पूर्ण समीक्षाको बारेमा हामी यहाँहरूलाई भविष्यमा जानकारी गराउँनेछौं।

## यासमन अर्यानी (इरान)



राईट फर राईटस् अभियानले यासमनको घटनाका साथै इरानको बाध्यकारी घुम्टो लगाउनुपर्ने विभेदकारी कानुन विरुद्ध महिला मानवअधिकार रक्षकहरूले गरेको अभियानका बारेमा अन्तराष्ट्रियकरण गर्न ठूलो मदत पुराएको छ।

२०१९ को नोभेम्बर यता यासमनलाई तत्काल रिहा गर्नका लागि इरानी अधिकारीलाई अनुरोध गर्दै दश लाख भन्दा धेरै गतिविधिहरू भएका छन् ।व्यापक अभियान पश्चात् फेब्रुअरीको एक फैसलाले यासमन र उनकी आमाको कारावास सजाय यथेष्ट रूपमा घटाएको छ ।

राईट फर राईटस् अभियानले यासमनको घटनाको अत्यधिक प्रोफाइल बढाएको छ।उनको घटनाका लागि एम्नेस्टीको इतिहासमा सर्वाधिक १,२२९,६३४ अभियानात्मक गतिविधि भएका थियो जसमा स्टन्ट, ज्ञापनपत्र, हस्ताक्षर,पेटिसन लगायत अन्य इरानी अधिकारीहरूलाई केन्द्रित गतिविधिहरू सामेल थिए।एम्नेस्टीका विश्वभरका शाखाहरूले एकदमै सृजनशील र नवीनतम/रचनात्मक तवरबाट यासमन प्रति सद्भाव र ऐक्यबद्धता व्यक्त गरेका थिए।

यासमनको घटना अन्तर्राष्ट्रिय रूपमा व्यापक भएपछि केही सकारात्मक प्रभाव भने परेको पाईन्छ ।उनी र उनकी आमा मोनरेह अरबसाहीलाई अर्को कारागारमा सारिएको छ र कारावास सजाय नौ वर्ष सात महिनामा झारिएको छ ।तथापि उनीहरू रिहा भएका छैनन् र अभियानको प्रमुख लक्ष्य प्राप्त भैइसकेको छैन।

## घटनाको पृष्ठभूमि

यासमन अर्यानीलाई इच्छा विपरित घुम्टो लगाउनु पर्ने व्यवस्थाको विरोध गर्दा १६ वर्ष कैद सजाय दिइएको हो ।

पहाड चढ्न रुचाउने इरानकी अभिनेत्री यासमनले इच्छा विपरित घुम्टो लगाउनु पर्ने इरानको कानुनलाई अवज्ञा गर्ने हिम्मत गरिन् । उनले सार्वजनिक रेलमा यात्रा गरिरहेका बखत आफ्नो टाउकोमा लगाएको स्कार्फलाई भद्र तरिकाले हटाइन् र अन्य महिला यात्रीहरूलाई सेतो फूल बाँडिन्। यो सन् २०१९ को अन्तर्राष्ट्रिय महिला दिवसको दिन थियो । यसरी आफ्नी आमासँग यात्रा गरिरहेको बेला रेलमा उनले भविष्यमा कुनै दिन महिलाले आफूलाई इच्छा लागेको कुरा स्वतन्त्रपूर्ववक लगाउन पाउने भविष्यको आशा जगाउँदै "म पनि हिजाब बिना तपाईं पनि हिजाब बिना"हिँड्न पाउने दिन आउँछ भनेकी थिइन् । यी क्षणहरूलाई भिडियोमा कैद गरिएको थियो र ती भिडियोहरू तुरुन्तै भाइरल भएका थिए । त्यसपछि इरानी अधिकारीहरूले उनलाई पक्राउ गरेका थिए ।जबर्जस्ती घुम्टो लगाउने परम्पराको विरोध गरे स्वरूप उनलाई १६ वर्षको जेल सजायँ सुनाइएको छ ।

## सारा मार्दिनी र सियान बाइन्डर, ग्रीस



राईट फर राईटस् २०१९ मा एम्नेस्टीका ५२ शाखाहरूले सारा र सियानका लागि अभियान गरेका थिए र आश्चर्यजनक ७२९,०७२ अभियानात्मक गतिविधिहरू सम्पन्न भएको रिपोर्ट प्राप्त भएको थियो । अभियानले पार्न सकेको प्रभावको समीक्षा गर्दा सारा र सियानको अवस्थाबारे धेरै भन्दा धेरैलाई सुसूचित गराउन सकेको कुरा सर्वमान्य छ । साथै उनीहरूले प्रतिनिधित्त्व गरेको वृहत मुद्दाकोबारेमा सचेतना फैलाउन सफल भएको छ। ठूलो सङ्ख्यामा अभियानात्मक गतिविधिहरू आयोजना भएका थिए जसले ग्रीसका अधिकारीहरूलाई यस्ता किसिमका हास्यास्पद र निरर्थक अभियोजन जारी राखे राजनीतिक मूल्य चुकाउनु पर्नेछ भन्ने कुरामा पक्के पनि स्पष्ट पारेको छ ।यो अभियान आरम्भ भएको बखत जुलाई देखि सत्तामा आएको नयाँ ग्रीक सरकारले गैर-सरकारी संस्था र मानव कल्याणकारी संस्थाका विरुद्ध थप कडा नीति कार्यान्वयन गर्न थालेको थियो र उनीहरूको गतिविधि माथि छानबिन तथा निगरानी बढाउन थालेको थियो जसले गर्दा अभियान साङ्केतिक स्तरमा अधिक अर्थपूर्ण बनेको थियो।

एम्नेस्टीले सारा र सियानको मुद्दालाई नजिकबाट अनुगमन गरिरहेको छ र उनीहरूको वकिलहरूसँग सम्पर्कमा छ। उनीहरूको मुद्दाको अनुसन्धान पूरा हुन सकेको छैन र COVID-१९ र अन्य ढिलाइका कारण सन् २०२० मा मुद्दाको छिनोफानो लाग्ने सम्भावना कम भएको वकिलहरू बताउँछन्। उनीहरूको न्यायका लागि एम्नेस्टी लडिरहनेछ।

## घटनाको पृष्ठभूमि

सारा र सियानले कसैको ज्यान जोगाएकोमा जेल सजाय बेहोरेका छन्।

ग्रीसमा कसैको ज्यान बचाएमा तपाईं जेल जान सक्नुहुन्छ । उद्दारकर्ता २४ वर्षीय सारा मार्दिनी र २५ वर्षीय सियान बाइन्डरलाई यस्तै भयो । किनभने उनीहरूले समुद्रमा खोजी गरी उद्दार गर्ने लेवोसको एक संस्थामा स्वयंसेवी भई सेवा गरेका थिए । समुन्द्रमा जोखिमको अवस्थामा रहेका व्यक्तिहरूलाई उनीहरूले सहयोग गरे जस्मध्ये धेरै आफ्ना मुलुकमा भएको ज्यादतीबाट भागिरहेका मानिसहरू थिए। तर यो मानवीय कार्य गर्दा उनीहरू जासुसी, मानव तस्करी र अपराधिक संगठनमा आबद्ध भएको अभियोगमा कारागार पुग्न बाध्य भए।

## यिलियासीजियाङ्ग रहमान (चीन)



दुर्भाग्यवश यिलियासीजियाङ्ग रहमानकोबारेमा कुनै खबर आएको छैनर उनी रहेको ठाँउ अझै अज्ञात छ। उनकी श्रीमती मैरिनिषा अबुदुआइनले आफ्नो पतिको मामलामा चासो, चिन्ता र समर्थन जनाएकोमा सबैलाई आभार व्यक्त गरेकी छन्। एम्नेस्टी इन्टरनेसनल यूकेले ऐक्यबद्धता स्वरूप यिलियासीजियाङ्गको मनपर्ने खेल फुटबल आयोजना गरेकोमा उनले विशेष सराहना गरेकी छन् । त्यस्तै उनको अभियान भिडियोमा अन्य उइघुर समुदायका पत्नीहरू समावेश गरेकोमा खुसी व्यक्त गरेकी छन्।

एम्नेस्टी इन्टरनेसनलले चीनमा जातीय अल्पसङ्ख्यक अधिकारको सवालमा काम गरिरहेको छ र अधिकारीहरूलाई गोप्य शिविर बन्द गर्न, शिविरमा रहेका व्यक्तिहरुलाई रिहाइ गर्न र संयुक्त राष्ट्रसङ्घ र अन्य मानवअधिकार विज्ञहरूलाई स्वतन्त्र रूपमा जिन्जियाङ्ग प्रान्तमा पहुँच प्रदान गर्न आग्रह गरिरहेको छ ।यिलियासीजियाङ्गको लागि एम्नेस्टीको अभियान राइट फर राइट्स भन्दा पर पनि जारी रहनेछ। Individuals at Risk Case file अभियान अन्तर्गत हामी विश्वभरका एम्नेस्टी अभियन्ताहरूलाई चिनियाँ प्रधानमन्त्री सि जिनपिंगलाई यिलियासीजियाङ्गलाई रिहा गर्न र उनको परिवारसँग पुनर्मिलन गराउनका लागि निरन्तर आग्रह गरिरहन प्रोत्साहन गर्दछौं।"मलाई समर्थन गर्ने सबैप्रति म धेरै आभारी छु। आफ्नो श्रीमानको लागि अभियान गर्ने क्रममा मलाई एक्लो भएको अनुभूति छैन। मलाई उनीहरूको सहयोग सधैं चाहिन्छ। मलाई आशा छ कि उनीहरूले मलाई निरन्तर सहयोग गरिरहनेछन्"।मैरिनिषाले हामीलाई भनेझैं तपाईंको निरन्तर कार्यले लामो समयदेखि आफ्नो प्रियजनहरूसँग पुनर्मिलन हुने प्रतीक्षामा रहेका परिवारका सदस्यहरूको जीवनमा फरक पार्नेछ।

### घटनाको पृष्ठभूमि

यिलियासीजियाङ्ग रहमानलाई परिवारबाट छुट्याई राज्यले बेपत्ता पारेको छ ।

जतिबेला यिलियासीजियाङ्ग बेपत्ता भए त्यसबेला उनी र उनकी श्रीमती मैरिनिषा अबुदुआइनी दोस्रो बच्चाको पर्खाइमा थिए । उनीहरू इजिप्टको एउटा विश्वविद्यालयमा अध्ययनरत थिए र आफ्नो ठूलो हुँदै गइरहेको परिवारको हेरचाह गरिरहेका थिए । तर सन् २०१७को जुलाईमा उनीहरूको जीवनमा उथलपुथल भयो । चीन सरकारले इजिप्टमा रहेका सयौं उइघुरहरूलाई गिरफ्तार गर्न आदेश दिएको थियो ।उइघुर भनिने चीनको जिन्जियाङ्ग स्वायत्त प्रान्तका अल्पसङ्ख्यक मुस्लिम समुदायका २०० जनालाई भेला गरी केहीलाई जबर्जस्ती चीन फर्काइयो । चीनद्वारा गोप्य क्याम्पमा राखिएका करिब एक लाख मानिसहरू –जसमा अधिकांश मुसलमानहरू छन् – मध्ये उनका श्रीमानपनि एक हुन् भन्ने कुरामा मैरिनिषा विश्वस्त छिन् ।

## मारिनेल सुमोक उबल्दो(फिलिपिन्स)



राईट फर राईटस् अभियानका लागि छनौट भएपछि मारिनेल संयुक्त राष्ट्र सङ्घको जलवायु परिवर्तनसम्बन्धी सम्मेलनमा भाग लिने एम्नेस्टी प्रतिनिधिमण्डलमा सामेल भएकी थिइन् ।सो सम्मेलन अन्तर्गत भएका बैठकहरू, साइड इभेन्टहरू र अन्य कार्यक्रममा पनि उनले भाग लिईन्।राईट फर राईटस् अभियानका क्रममा उनी एम्नेस्टी स्पेन, एम्नेस्टी जापान र एम्नेस्टी ईटालीले आयोजना गरेका अभियानात्मक गतिविधिमा पनि सहभागी भईन्।

प्रसिद्ध सांगीतिक समूह U2 ले मारिनेलको लागि आयोजना गरेको संगीत समारोह र अभियानमा एम्नेस्टीलाई उपस्थित हुन आमन्त्रण गरेको थियो। पन्ध्र कार्यक्रमहरू सहित एशिया-प्रशान्त क्षेत्रका सात देशहरूमा आयोजना भएको सो सांगीतिक कार्यक्रम एम्नेस्टी शाखाहरूका लागि राईट फर राईटस् अभियानको र मारिनेलको घटनाको बारेमा आममानिसलाई जानकारी गराउने एक उत्साहजनक अवसर थियो। शहर अनुसार कार्यक्रम फरक थिए र केही प्रत्यक्ष प्रसारण कार्यक्रमहरूका दौरान एम्नेस्टी इन्टरनेसनल र मारिनेलको नाम उल्लेख गरिएको थियो। एम्नेस्टी स्वयंसेवकहरूको असंख्य प्रशंसा गर्नुका अतिरिक्त एउटा उल्लेखनीय आकर्षण मुम्बईको अन्तिम कार्यक्रममा भएको थियो जब एम्नेस्टी इन्डियाका पाँच कर्मचारीहरूलाई राईट फर राईटस् अभियान र मारिनेलको लागि एम्नेस्टीले गरेको अभियानकाबारेमा कुरा गर्न सांगीतिक समूह सदस्य बोनो र एजलाई भेट्न ब्याक स्टेजमा आमन्त्रित गरिएको थियो ।

मरिनेलको विश्वास छ कि फिलिपिन्सभित्र पनि यो अभियानले गर्दा केही प्रगति भएको छ। राष्ट्रपति कार्यालयले उनीहरूलाई पठाएको पत्रलाई स्वीकार गरेको छ र योलंडा आँधीबाट प्रभावित भएका माटरिनाओ समुदायको आवश्यकता प्रति फिलिपिनो सरकारले आफ्नो ध्यान केन्द्रित गरेको जस्तो देखिन्छ।आन्तरिक र स्थानीय सरकार विभागले नगरपालिकाका प्रमुखलाई आँधी योलंडा पश्चात मटारिनो समुदायको आवश्यकताको बारेमा नगरपालिकाले गरेको प्रतिकार्यका बारेमा प्रतिवेदन पठाउन अनुरोध गरेको छ। उक्त रिपोर्टमा भएको विवरणले भविष्यमा वकालत र पैरवी गर्नका लागि अवसर प्रदान गर्नेछ, मारिनेलको समुदायलाई त्यस विभागको ध्यान आकर्षित गर्न र नगरपालिकालाई ठोस सुधारहरू सुनिश्चित गर्न दवाब दिनेछ।

### घटनाको पृष्ठभूमि

मारिनेल सूमोक उबल्दो जलवायु परिवर्तनसँग लड्दै आफ्नो समुदाय बचाउन लडिरहेकी छिन् ।

आफू र आफ्नो समुदायलाई जलवायु परिवर्तनको विनाशकारी असरबाट बचाउन कुनै उपाय खोज्नु पर्नेछ भन्ने सोच आउँदै गर्दा मारिनेल सूमोक उबल्दो १६ वर्षकी थिइन ।उनी सन् २०१३ को १३ नोभेम्बरमा आएको अहिले सम्मकै सबैभन्दा विनाशकारी आँधी योलंडाबाट बाँच्न सफल भएकी थिइन् । यस आँधीले उनको समरमा रहेको गाउँ ध्वस्त बनायो र फिलिपिन्समा मात्रै ६०,००० भन्दा धेरै मानिसहरूले ज्यान गुमाए भने दशौं लाख मानिसहरू घरबार विहीन भए ।

यो घटना सामान्यीकरण हुँदै जाने क्रममा उनले जलवायु परिवर्ततनको असरको सामना गर्न आफूलाई विभिन्न अभियानहरूमा सामेल गराइन् र उनी एक अग्रणी युवा अभियन्ता बन्न पुगिन् । विश्वका विभिन्न मुलुकका सरकारहरूलाई जलवायु परिवर्तनसँग लड्न उनी लगायत अन्य धेरैको समुदायमा जलवायु परिवर्तनले ल्याएका असरहरूलाई सम्बोधन गर्न उचित कदमहरू चाल्नका लागि अवाज उठाउँदै उनले आफूलाई यी अभियानहरूमा समर्पित गरेकी छिन् ।

## ग्रासी न्यारोजका युवाहरू (क्यानेडा)




एम्नेस्टी ब्राजिलको राईट फर राईटस् अभियान उद्धघाटनका बखत ग्रासी न्यारोज समुदायका प्रतिनिधिहरू पनि सामेल भए र उनीहरूले ब्राजिल र पाराग्वेका भूमि र जल अधिकारमा आवाज उठाउने मानवअधिकार रक्षकहरूसँग पनि भेट गरे। अभियानका क्रममा क्यानाडा र विश्वभरका एम्नेस्टी समर्थकहरूले ग्रासी न्यारोजका युवाहरूका लागि आफ्नो समर्थन देखाए र क्यानाडा मात्रमा अनिशिनाबे आदिवासीले पारो विषाक्तता विरुद्ध गरेको लडाईको बारेमा जानकारी गराउने उद्देश्यका साथ ३६० वटा कार्यक्रमहरू भए ।जापान देखि न्युजिलेन्ड, पेरु, नेपालदेखि संयुक्त राज्य अमेरिका लगायत संसारभरका एम्नेस्टी शाखाहरूले अभियानात्मक गतिविधि आयोजना गरे। चार लाखभन्दा धेरै पत्रहरूमार्फत ग्रासी न्यारोजका समुदायको न्यायको लागि आवहान गरे ।

तर खुसीको खबर के छ भने धेरै वर्षको ढिलाई पछि अन्तत दुई अप्रिल २०२० मा सेवा केन्द्र स्थापना गर्न १९ करोड ५ लाख डलरको सम्झौतामा हस्ताक्षर भएको छ।यो सम्झौता न्यायका लागि महत्वपूर्ण कदम हो तर सेवा केन्द्र सञ्चालनका लागि दीर्घकालीन कोष स्थापना गर्नु अझै पनि आवश्यक देखिन्छ।यद्यपि यो सम्झौता दशकौं देखि न्यायका लागि आहवान गरिरहेका ग्रासी न्यारोजका समुदायको पक्कै पनि जीत हो।

### घटनाको पृष्ठभूमि

क्यानाडाको ग्रासी न्यारोजका युवाहरू पारोको विषाक्तताका बीच हुर्किरहेका युवाहरू हुन् ।

ग्रासीन्यारोजका अनिशिनाबी आदिवासी समुदायको जीवनयापनका लागि एकदमै महत्त्वपूर्ण नदीनाला र त्यहाँका माछाहरू विगत ५० वर्षदेखि विषाक्त पारोले प्रदुषित गरिरहेको छ । सरकारको निष्कृयताका कारण यहाँका युवा पुस्ताहरूले विभिन्न हानिकारक स्वास्थ्य समस्याहरू भोग्दै र आफ्नो साँस्कृतिक परम्परालाई गुमाउँदै हुर्किरहेका छन् । सन् २०१७ मा सरकारले यो पारो सङ्कटलाई सँधैको लागि समाधान गर्ने प्रतिज्ञा व्यक्त गरेको थियो र यो समुदायका युवाहरू सरकारलाई यो वाचा पुरा गराउन दृढ छन् ।

## मगाई मातियोप ङोंगस्कुले (दक्षिण सुडान)



एम्नेस्टी शाखाहरूको रोजाईका क्रममा मगाईको घटना अन्तिम तीन स्थानमा परे पनि उनको घटना दोस्रो लोकप्रिय (पहिलो यासमनको घटना) हुन पुग्यो र संसारभर सात लाखवटा अभियानात्मक गतिविधिहरू भए। एम्नेस्टीको पूर्वीअफ्रिकी क्षेत्रीय कार्यालयमा मगाईको लागि हजारौं पत्रहरू प्राप्त भयो। कारागारमा मगाईको सुरक्षाको चिन्ताको कारण ती पत्रहरू अहिले पठाउन सकेका छैनौं तर हामी भविष्यमा रचनात्मक उपायबाट ती पत्रहरू उनी र उनका परिवारलाई बुझाउन प्रयास गर्नेछौं।

अभियानका कारण दक्षिण सुडानको सामजिक सञ्जालमा निकै छलफलहरू भए। छलफलहरू उनको मुद्दा र बालबालिका विरुद्ध प्रयोग गरिएका मृत्युदण्डको बारेमा केन्द्रित थिए। दक्षिण सुडान भित्र भएका अनलाइन छलफलहरू मगाई र उनको अवस्थाप्रति सकारात्मक थिए जुन् दक्षिण सुडान भित्रको मानसिकतामा परिवर्तन ल्याउनका लागि ठूलो उपलब्धी हो। मगाईको घटनाले काउन्टीको अग्रपंतीमा रहेका युवाअधिकारकर्मीहरूको ध्यान आकृष्ट गऱ्यो र उनीहरूले दक्षिण सुडानमा मगाईको घटनाको लागि केही काम गर्ने इच्छा व्यक्त गरे। यस मुद्दाले दक्षिण सुडानमा एकदमै धेरै ध्यानआकर्षण पाएको छ जुन् अत्यन्त सकरात्मक हो र यसले निरन्तरता पाउनेमा हामी आशावादी छौं।

विश्वभरबाट पनि मगाईको घटना प्रति आश्चर्यजनक प्रतिकृयाहरू आए ।यसरी दक्षिण सुडान प्रति यति धेरै मानिसहरूले चासो देखाउनु एकदमै सकारात्मक हो किनभने दक्षिण सुडान प्रति मानिसहरूको ध्यान आकृष्ट गराउन अक्सर गाह्रो हुन्छ यद्यपि यस अभियानले सामान्य भन्दा धेरैलाई समेट्न सक्यो ।

दक्षिण सुडानको समग्र मानवअधिकारको अवस्था गम्भीर छ। छ वर्षको द्वन्द्वमा सामूहिक बलात्कार, बलपूर्वक बेपत्ता पार्ने कार्य, जातीय हिंसा लगायत क्रूर उल्लङ्घन व्यापक रूपमा भए । द्वन्द्वमा भएका ज्यादतीका साथसाथै हाल भइरहेको अन्तर साम्प्रदायिक हिंसामा ध्यान केन्द्रित रहेकाले मृत्युदण्डको बढ्दो र नियमित प्रयोग संबोधन गर्ने विषयले खासै स्थान पाउन सकेको छैन। मगाईको अभियानले दक्षिण सुडानको सरकारलाई विशेष गरी बालबालिकालाई दिने मृत्युदण्डको प्रयोगको बारेमा प्रश्न गर्न विशेष योगदान पुऱ्याएको छ।

### घटनाको पृष्ठभूमि

मगाई मातियोप ङोंगस्कुलाई १५ वर्षको उमेरमा मृत्युदण्डको सजाय सुनाइयो ।

मगाई बालक थिए र उनी दौढ प्रतियोगितामा भाग लिन र भजन गाउन खुब मन पराउँथे । उनी माध्यमिक स्तरमा अध्यन गरिरहेका थिए र आफू ठूलो भएपछि उनले मानिसहरूलाई सहयोग गर्ने सपना राखेका थिए । तर मात्र १५ वर्षकै उमेरमा सन् २०१७ मा उनको जीवनको अचानक अन्त्यको अवस्था आयो किनकी एउटा हत्याको घटनामा दोषी मान्दै उनलाई मृत्युदण्डको सजाय सुनाइयो । उनले त्यो घटना हत्या नभई दुर्घटना भएको भनेर न्यायाधीशलाई भने ।उनले आफ्नो मुद्दामा बहसका लागि वकिल पनि पाएनन् । अहिले दुई वर्ष पछि उमेरले १७ पुगेका उनी जुबाको केन्द्रीय कारागारमा आफ्नो मृत्युदण्ड पर्खिरहेका छन् तर उनले के आशा गरिरहेका छन् भने मृत्युदण्ड विरुद्धको अपिलमा उनको जित हुनेछ र उनी फेरी विद्यालय जानेछन् ।

## एसिडको खुलेआम बिक्रि वितरणलाई नियमन गर्न नेपाल सरकारलाई अनुरोध




यस अभियानले नेपालमा एसिड हिंसासम्बन्धी सचेतनालाई फैलाउनुका साथै नेपाल सरकारलाई एसिडको खुलेआम बिक्रि वितरणमा नियमन गर्न थप दवाब सिर्जना गरेको छ। अभियानका दौरान एम्नेस्टी नेपालका सदस्यहरूले ३३ हजार पत्रहरू संकलन गरेका थिए । सो ३३ हजार पत्रहरूगत फाल्गनु ८ गते (फेब्रुअरी २० मा) सामाजिक न्याय दिवसको सन्दर्भमा एउटा बहुसरोकारवाला प्यानल छलफल कार्यक्रमको आयोजना गरी गृह मन्त्रालयका सहसचिव तथा प्रवक्ता श्री केदारनाथ शर्मालाई साङ्केतिक रूपमा हस्तान्तरण गरिएको थियो ।उक्त कार्यक्रमका बारेमा १० भन्दा धेरै सञ्चार माध्यमहरूले समाचार संप्रेषण पनि गरेका थिए

### घटनाको पृष्ठभूमि

प्रेम प्रस्ताव अस्वीकार गरेको निहुँमा रौतहटकाकिशोरी दिदीबहिनी सम्झना कुमारी दास र सुष्मिता कुमारी दासमाथि ५० वर्षे छिमेकीले २०७५ भाद्र २७ मा एसिड आक्रमण गरेका थिए । यसको दुई हप्तापछि सम्झनाको उपचारकै क्रममा मृत्यु भएको थियो । उनकी बहिनी सुष्मिताको जिउको दायाँ भागमा पोलेको गहिरो घाऊ छ र अहिले उनी गम्भीर मानसिक तनावबाट गुज्रिरहेकी छिन्। बर्न भायोलेन्स सर्भाइभरको अनुसार नेपालमा सन् २०१० देखि अहिलेसम्म २६ वटा एसिड आक्रमणका घटनाहरू रेकर्डमा आएका छन् ।

एसिड आक्रमण सुनियोजित तरिकाले महिलाको शरीरमाथि गरिने एउट सबैभन्दा जघन्य स्वरूपको हिंसा हो ।एसिडको खुलेआम बिक्रि वितरणले गलत मनसाय भएका व्यक्तिहरूलाई यस्तो हिंसाको हतियार सजिलै जहाँसुकै बिनारोकतोक प्राप्त गर्न र लक्षित महिला वा किशोरीमाथि प्रहारगर्न एकदमै सहज भएको छ । एसिड आक्रमणका घटनाहरू नेपालमा दिनानुदिन बढीरहेको छ र यो नेपाली चेलीबेटीहरूको एउटा डरलाग्दो सुरक्षा समस्या बन्दै गइरहेको छ ।

२०७२ सालमा काठमाडौंकी १६ वर्षीय सङ्गीता मगरलाई पनि एकजना छिमेकी किशोरले यसैगरी एसिड प्रहार गरी कुरुप बनाएका थिए । पछि सङ्गीताले एसिड आक्रमणका पीडितहरूको अधिकारका लागि नेपाली कानुनमा परिवर्तन र सुधारको माग राख्दै सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको मुद्दा दायर गरेकी थिइन् । सर्वोच्चले पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था गर्न सरकारलाई आदेश दिएको थियो । नेपालको फौजदारी संहिता २०७४ मा एसिड आक्रमणलाई अपराधीकरण गरी दण्ड सजाय र क्षतिपूर्तको व्यवस्था गरिएको छ ।त्यस्तै जुरी(नेपालद्वारा २०७४ मा एसिडको खुलेआम हुने बेचबिखन निममनको माग गर्दै दायर गरिएको सार्वजनिक सरोकार मुद्दामा सर्वोच्च अदालतले सरकारलाई एसिडजन्य वस्तुको खुलेआम बिक्रीवितरणमा कानुनी नियमन गर्न आदेश गरेको छ ।

यद्यपि सरकारले यस्तो नियमनकारी व्यवस्थाको तर्जुमा गरी अझै व्यवहारीक कार्यान्वयन गरेको छैन ।

